प्रदेश सरकार
प्रदेश नं. ५
# सामाजिक विकास मन्त्रालय
बुटवल, नेपाल

पत्र संख्याः-
चलानी नं. ५३३

मितिः- २०७६/०५/१३

**विषयः सदस्य मनोनयनका लागि दरखास्त आह्वान गरिएको सूचना ।**

"अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयनका लागि प्रदेशस्तरीय समिति गठनसम्बन्धी कार्यविधि, २०७६" को दफा ४ मा यस मन्त्रालयका माननीय मन्त्रीज्यूको अध्यक्षतामा अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयनका लागि प्रदेशस्तरीय समिति गठन गर्ने व्यवस्था रहेको छ। सोही व्यवस्थाबमोजिम तयार गरिएको "अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयनका लागि प्रदेशस्तरीय समितका सदस्य मनोनयन सम्बन्धी मापदण्ड, २०७६" मा भएको व्यवस्था कार्यान्वयनका लागि तपसिल बमोजिमका योग्यता पुगेका इच्छुक व्यक्तिहरुलाई सदस्य पदमा मनोनयनका लागि यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र यस मन्त्रालयको सामाजिक विकास महाशाखामा दरखास्त पेश गर्नुहुन सबैको जानकारीके लागि यो सूचना प्रकाशित गरिएको छ।

**योग्यताः**

१. प्रदेश नं. ५ मा स्थायी ठेगाना / बसोबास भएको नेपाली नागरिक,
२. १८ वर्ष पुरा भई अपाङ्गता परिचयपत्र प्राप्त गरिसकेको व्यक्ति,
३. कार्यविधिको दफा ४ उपदफा (१) को खण्ड (ट) बमोजिम मनोनयन हुने सदस्यका लागि अपाङ्गता भएका व्यक्तिहरूको प्रदेशस्तरका संघ, संगठन, महासंघ तथा मानव अधिकारको क्षेत्रमा कार्यरत संस्थाहरूमध्ये फरकफरक अपाङ्गताका वर्गबाट प्रतिनिधित्व हुनेगरी समावेशीका आधारमा कम्तीमा अपाङ्गताको क्षेत्रमा ५ वर्ष क्रियाशील रहेको,
४. कार्यविधिको दफा ४ उपदफा (१) को खण्ड (ठ) बमोजिम मनोनयन हुने सदस्यका लागि अपाङ्गता भएका व्यक्तिको क्षेत्रमा काम गर्न स्थापना भएका गैर सरकारी संस्थामा कम्तीमा ५ वर्ष काम गरेको,
५. प्रचलित कानून बमोजिम सदस्यमा मनोनयन हुन अयोग्य नठहरिएको।

महिला विकास अधिकृत

**निवेदन र कागजात:**

- अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयनका लागि प्रदेशस्तरीय समितका सदस्य मनोनयन सम्बन्धी मापदण्ड, २०७६ को अनुसूचि १ मा उल्लेखित कागजात र ढाँचामा निवेदन दिनुपर्नेछ।
- तोकिएको म्याद र रीतपूर्वक नआएका निवेदन ग्राह्य हुने छैन।
- सदस्य मनोनयनका लागि निवेदन दिँदा कार्यविधिको कुन खण्ड बमोजिम मनोनयन हुन चाहेको हो सो स्पष्ट रुपमा खुलाउनु पर्नेछ।
- यसरी प्राप्त हुन आएका निवेदन उपर अध्ययन विश्लेषण गरी सिफारिसका लागि मापदण्डका आधारहरुको अंकभार सिफारिस समितिले तोक्नेछ।
- प्राप्त निवेदन उपर छानविन गरी सिफारिस समितिले सिफारिस गरेका व्यक्तिहरुमध्ये आवश्यक संख्यामा सदस्य मनोनयनको अन्तिम अधिकार कार्यविधि बमोजिम गठित समितिको हुनेछ।

*__नोट:__ अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयनका लागि प्रदेशस्तरीय समिति गठनसम्बन्धी कार्यविधि, २०७६ र अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयनका लागि प्रदेशस्तरीय समितका सदस्य मनोनयन सम्बन्धी मापदण्ड, २०७६ यस मन्त्रालयको website – mosd.p5.gov.np मा रहेको व्यहोरा समेत जानकारी गरिन्छ।*

२०७६।५।०२

सामाजिक विकास मन्त्रालय

**महिला विकास अधिकृत**